**नेपाल सरकार**
**गृह मन्त्रालय**
**राष्ट्रिय अनुसन्धान विभाग**
**वरफवाग, सिंहदरवार**

**4WD जीप खरिद कार्यको सिलवन्दी बोलपत्र आव्हान सम्वन्धी सुचना**

**गो.प.मा प्रथम पटक प्रकाशित मिति २०७४।१।१३गते**

चालू आ.व. २०७३।७४ मा यस विभागको लागि आवश्यक भएको 4WD जीप थान २(दूई) बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छूक अधिकृत विक्रेता तथा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

| **सि.नं** | **विवरण** | **परिमाण** | **जमानत वापत धरौटी रकम रु.** | **बोलपत्र मान्य हूने अवधि** | **बोलपत्र फारमको दस्तूर रु.** | **बोलपत्र खोल्ने समय : यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औ दिनको** |
|---|---|---|---|---|---|---|
| १) | 4WD जीप (न्युनतम २१०० सि.सि.) | २(दूई) | ३,००,०००।□ (तीन लाख मात्र) | ९० दिन | ३०००।□ ( तीन हजार मात्र) पछि फिर्ता नहूने) | १४:०० बजे |

१ बोलपत्र फाराम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरुवाट चालू आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७२।७३ को कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कालो सुचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरी रु.१०।□ को टिकट टांसी, बोलपत्र फारमको आवश्यक राजश्व दस्तूर (पछि फिर्ता नहूने गरी) बूझाई यस विभागवाट प्राप्त गर्न सकिने छ ।

२ बोलपत्र फाराम साथ को.ले.नि.का.काठमाण्डौ भूक्तानी केन्द्र ४ सिंहदरवार, एभरेष्ट वैंक लि. नयांवानेश्वरको धरौटी खाता नं.१३५००१ मा माथि उल्लेखित जमानत रकम जम्मा गरेको सक्कलप्रति वैंक भौचर वा 'क' श्रेणीको मान्यता प्राप्त वाणिज्य वैंकबाट बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको यस विभागको नाममा जारी भएको, वैंक ग्यारेण्टी (विडवण्ड) पेश गर्नू पर्नेछ ।

३ बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजे भित्र यस विभागको दर्ता शाखामा वुझाउनू पर्नेछ ।

४ बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । बोपलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा हूनेछ ।

५ सवारी साधन विभागीय टेक्निकल स्पेशिफिकेशन वमोजिमको हूनू पर्नेछ । सवारी साधनको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक बोलपत्र साथ समावेश गरी Servising, Warranty आदि सम्वन्धमा समेत खूलाउनू पर्नेछ ।

६ यस विभागबाट प्राप्त गरेको बोलपत्र फाराममा उल्लेखित सवारी साधनको प्रति इकाइ दरभाउ अंक र अक्षर दूवैमा स्पष्ट खूलाउनू पर्नेछ । अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।

७ म्याद नाघि आएको वा रित नपूगेको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कूनै कारवाही हूने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विभागमा सूरक्षित रहने छ ।

८ एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

९ अन्य उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिम हूनेछ । बोलपत्र सम्वन्धी अन्य थप कूरा बूझ्नू परेमा कार्यालय समय भित्र यस विभागमा सम्पर्क राख्न सकिने छ ।